बागमती प्रदेश सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२९

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंको चालु आ.व. २०८२/८३ को राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालनको लागि "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" अनुसार यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तर्गत बागमती प्रदेशभित्र तोकिएका विधामा कार्यविधिको अनुसूची-२ बमोजिम न्यूनतम योग्यता पुगेका कृषकहरुलाई कार्यविधिको अनुसूची -३ बमोजिमको निवेदन र अनुसूची -४ बमोजिमको विवरण यो सूचना प्रकाशन भएको मितिले एक्काइस (२१) दिनभित्र सम्बन्धित जिल्लास्थित कृषि विकास कार्यालय अथवा पशु सेवा कार्यालयमा पेस गर्न आव्हान गरिन्छ। कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारमहरु मन्त्रालयको वेभसाईट http://molmac.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

पुरस्कारका विधाहरुः

१. आलङ्कारिक बिरुवा (पुष्प समेत)
२. खाद्य प्रशोधन (प्राथमिक प्रशोधन)

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## (कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन महाशाखा)

फोन नं.: ४२११९१५
४२११८२७
फ्याक्स: ४२११८३९
४२११९३५

सिंहदरवार, काठमाण्डौ
नेपाल।

पत्र संख्या: २०८२/८३
च.नं.: व्य. प्र. - २७१

मिति: २०८२/०८/२६
नेपाल संवत् ११४४

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमति प्रदेश, हेटौडा।
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी।

विषयः कार्यबिधी सम्बन्धमा।

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०८२/०८/२६ (मा.मन्त्रीस्तर) को निर्णयानुसार राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयनका लागि "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को छाया प्रति यसै साथ पठाईएको ब्यहोरा निर्देशानुसार अनुरोध छ।

०८२।०८।२६
डा.सीता भट्टराई
(पशु विकास अधिकृत)

सादर अवगतार्थः
श्रीमान् सहसचिवज्यू, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

श्री कृ.वि.म.
२०८२।८।२८

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश, हेटौडा
दर्ता नं.: ११६६
मिति: ०८२।०८।२८

# राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

नेपालको भौगोलिक विविधताले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरूको उपयोग गरी व्यावसायिक कृषिको माध्यमबाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै दिगो आर्थिक वृद्धि गर्न सकिने सम्भावना रहेको छ। कृषिलाई उत्पादन, आम्दानी र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर युवाहरूलाई कृषि पेशामा आकर्षित गरी देशभित्रै स्वरोजगार श्रृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषकहरूलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यावसायिक बनाउनु पर्ने भएकोले "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६" को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यो कार्यविधिको नाम "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा उल्लेखित राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारलाई जनाउँदछ।

(ख) "केन्द्रीय समिति" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गठित समितिलाई जनाउँदछ ।

(ग) "केन्द्रीय समितिको सचिवालय" भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जनाउँदछ ।

(घ) "कृषक" भन्नाले कृषि पेशा/व्यवसाय तथा कृषि वस्तु उत्पादनसँग सम्बन्धित सम्पुर्ण कार्य गर्ने व्यक्तिलाई जनाउँदछ।

(ङ) "कृषि उद्यमी" भन्नाले प्रचलित कानून बमोजिम एकल वा संयुक्त स्वामित्व हुने गरी दर्ता भएका कृषि उत्पादन सम्बन्धी उद्यम संचालन गर्ने निर्ज, फर्म वा संस्था जनाउँदछ।

(च) "कृषि" भन्नाले वाली (अन्न, दलहन, तेलहन, औद्योगिक), बागवानी (तरकारी, आलु, मसला, पुष्प, फलफूल, चिया, कफी), घाँसेवाली, पशुपन्छी, मत्स्य, च्याउ तथा अन्य व्यवसायिक कीट समेतलाई जनाउँदछ।

(छ) "प्रदेश कृषि मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालयलाई जनाउँदछ।

(ज) "प्रादेशिक समिति" भन्नाले प्रदेशस्तरमा प्रदेश कृषि मन्त्रालयमा गठित समितिलाई जनाउँदछ ।

(झ) "मन्त्रालय" भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जनाउँदछ ।

(ञ) "राष्ट्रिय उत्कृष्ट कृषक तथा कृषि उद्यमी पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता" भन्नाले यसै कार्यविधिको अनुसूची-२ मा उल्लेख भएको न्यूनतम मापदण्ड जनाउँदछ।

(ट) "विभाग" भन्नाले कृषि विभाग, पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई जनाउँदछ।

३. उद्देश्यहरू: यस कार्यक्रमका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) कृषक/कृषि उद्यमीको योगदानलाई उच्च सम्मान गरी मनोबल बढाउन सहयोग पुर्‍याउने।

(ख) कृषि पेशालाई आकर्षक एवं सम्मानित बनाउन सहयोग पुर्‍याउने ।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धा गराई कृषिलाई व्यवसायिक बनाउन सहयोग पुर्‍याउने

४. अपेक्षित प्रतिफल: प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुनेगरी देशका विभिन्न जिल्लाका १४ जना कृषकहरू वार्षिक रुपमा सम्मानित हुनेछन् ।

५. प्रतिफलको मापन: वार्षिक रुपमा देशका १४ जना उत्कृष्ट कृषकहरूको पहिचान भई कृषिको उत्पादन बढाउन प्रोत्साहित हुने र कृषि क्षेत्रमा आकर्षण बढाउन सहयोग पुग्ने ।

६. लक्षित समुह तथा वर्ग: देश भरका कृषि पेशामा संलग्न भएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्म, कृषि व्यवसाय गर्ने कम्पनी, प्राथमिक प्रशोधनकर्ता, कृषि उद्यमी ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

७. उत्कृष्ट कृषक छनौट विधि: यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ ।

(क) अनुसूची १ मा उल्लेखित विधाहरूमा उत्कृष्ट कृषकलाई पुरस्कार प्रदान गरिने हुँदा प्रत्येक प्रदेशले तोकिएको विधामा उत्कृष्ट कृषक छनौट गरी मन्त्रालयमा सिफारिस गर्नेछन्।

(ख) अनुसूची १ मा उल्लेखित विधाहरू मध्येबाट प्रत्येक प्रदेशलाई कम्तीमा दुईवटा विधा तोकी उक्त विधामा उत्कृष्ट कृषक छनौट गर्न केन्द्रीय स्तरमा रहने तपसिल बमोजिमको समितिले मंसिर मसान्त भित्र मन्त्रालयमा सिफारिस गर्नेछ।

| | |
|---|---|
| संयोजक | सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| सदस्य | उपमहानिर्देशक, कृषि विभाग |
| सदस्य | उपमहानिर्देशक, पशु सेवा विभाग |
| सदस्य | उपमहानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| सदस्य-सचिव | प्रमुख, कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |

माथि उल्लेखित सदस्यहरू मध्ये सदस्य नभएमा मन्त्रालयले तोक्नेछ।

(ग) सूचना प्रवाहः सातै प्रदेशका कृषि मन्त्रालयले आर्थिक वर्षको पौष तेस्रो हप्ता भित्र सम्वन्धित प्रदेश भित्रका सम्बन्धीत विधाका कृषकहरूबाट अनुसूचि-३ बमोजिमको निवेदन र अनुसूची -४ बमोजिमको विवरण सम्वन्धित जिल्ला स्थित कृषि हर्ने निकायबाट संकलन गर्नको लागि २१ दिनको सूचना प्रवाह गर्नेछ । सो सूचनामा यथेष्ट मात्रामा निवेदनहरु प्राप्त नभएमा वा आवेदन नै नपरेमा सम्वन्धित प्रदेशले पुनः ७ (सात) दिनको सूचना प्रकाशन गर्न सक्नेछ ।

८. प्रदेशस्तरमा निवेदन संकलन एवं मूल्याङ्कन विधिः

क) प्रदेशस्तरमा कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको ७ सदस्यीय प्रादेशिक समिति रहनेछः

| | |
|---|---|
| संयोजक | प्रदेश सचिव, कृषि क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय |
| सदस्य | प्रमुख, प्रादेशिक कृषि विकास निर्देशनालय |
| सदस्य | प्रमुख, प्रादेशिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय |
| सदस्य | निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् (सम्बन्धित प्रादेशिक निर्देशनालय) |
| सदस्य | प्रमुख, सम्बन्धित प्रदेशको फार्म केन्द्र (प्रादेशिक कृषि तथा पशुपन्छी मन्त्रालयले मनोनयन गर्ने) |

| | |
|---|---|
| सदस्य | प्रमुख, प्रादेशिक पशुपन्छी विकास तालिम केन्द्र |
| सदस्य-सचिव | सम्बन्धित महाशाखा प्रमुख, प्रदेश कृषि मन्त्रालय |

नोटः प्रदेशमा उस्तै प्रकृतिको कार्य गर्नको लागि गठन भएको विद्यमान प्रदेशस्तरीय समिति भएकाको हकमा सोही समितिले प्रादेशिक समितिको कार्य गर्न सक्नेछ ।

ख) दफा ८(क) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र उक्त बैठकमा बढीमा ३ जना सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

ग) प्रादेशिक समितिको सचिवालय प्रदेश कृषि मन्त्रालयमा रहनेछ ।

घ) प्रादेशिक समितिले विभिन्न जिल्लाका कृषकहरूको निवेदन फारमहरूको मूल्याङ्कनको लागि आवश्यकता अनुसारको कार्यालयका प्रतिनिधिहरू रहने गरी एक प्राविधिक उप-समिति गठन गर्न सक्नेछ ।

ङ) प्रदेशस्तरको प्राविधिक उप-समितिले कृषकहरूको निवेदन फारम यसै कार्यविधिको अनुसूची-५ मा उल्लेखित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ ।

च) प्राविधिक उप-समितिले कृषकबाट पेश भएको विवरण रुजु गर्न स्थलगत निरिक्षण गरी अनुसूची-५ बमोजिम अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ।

(छ) प्राविधिक उप-समितिले मूल्याङ्कन प्रतिवेदन प्रादेशिक समितिमा फाल्गुनको दोस्रो हप्ता भित्र पेश गरी सक्नु पर्नेछ।

(ज) विशेष परिस्थिति सिर्जना भएमा तोकिएको समयसीमा परिवर्तन हुन सक्नेछ ।

९. प्रदेशस्तर उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरणः

क) प्राविधिक उप-समितिको प्रतिवेदनको आधारमा प्रदेशस्तरबाट छनौट भएका उत्कृष्ट कृषकहरूलाई पुरस्कार एवं सम्मानको लागि प्रादेशिक समितिले सिफारिस साथ केन्द्रीय समितिको सचिवालयमा फाल्गुन मसान्त भित्र पठाउनु पर्नेछ ।

ख) प्रादेशिक समितिले छनौट प्रक्रियामा मुल्याङ्कन गरिएका कृषकहरूको विवरण र छनौट भएका कृषकले पेश गरेको विवरण (अनुसूचि-४) समितिको निर्णय सहित केन्द्रीय समितिमा सिफारिस गरी पठाउनु पर्नेछ ।

ग) केन्द्रीय समितिको सिफारिस अनुसार मन्त्रालयबाट उत्कृष्ट कृषकहरूलाई सम्माननीय राष्ट्रपतिज्यूबाट जेठ १५ गते पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिनेछ।

१०. केन्द्रीय समिति गठनः प्रदेश मन्त्रालयबाट राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि सिफारिससाथ प्राप्त निवेदन फारम स्वीकृत गर्न र पुनरावलोकनको लागि मन्त्रालयमा तपसिल अनुसारको केन्द्रीय समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| संयोजक | सचिव | मन्त्रालय (कृषि विकास/पशुपन्छी विकास) |
| सदस्य | सदस्य सचिव | राष्ट्रिय किसान आयोग |
| सदस्य | सह-सचिव | पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय |
| सदस्य | सह-सचिव | प्रशासन महाशाखा,मन्त्रालय |
| सदस्य | सह-सचिव | कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, मन्त्रालय |
| सदस्य | महानिर्देशक | कृषि विभाग |
| सदस्य | महानिर्देशक | पशु सेवा विभाग |
| सदस्य | महानिर्देशक | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| सदस्य-सचिव | शाखा प्रमुख | कृषि ब्यवसाय तथा बजार प्रबर्द्धन शाखा, मन्त्रालय |

क) केन्द्रिय समितिमा प्रदेशबाट सिफारिससाथ प्राप्त निवेदन पेश गर्ने दायित्व कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको हुनेछ ।

ख) केन्द्रीय समितिले आवश्यक परेको खण्डमा प्रदेशस्तरीय समितिबाट आवश्यक कागजात र कृषकहरूको विवरण माग गर्ने सक्नेछ ।

ग) केन्द्रीय समितिले प्रादेशिक समितिबाट सिफारिससाथ पेश भएको १४ जना उत्कृष्ट कृषकहरूको विवरण रुजु गरी आवश्यकता अनुसार स्थलगत अनुगमन निरिक्षण गर्न सक्नेछ ।

घ) केन्द्रीय समितिको बैठकका लागि बैठक भत्ता र खाजा खर्च मन्त्रालयले व्यवस्था गर्नेछ।

११. राष्ट्रिय उत्कृष्ट कृषक घोषणा एवं पुरस्कारः

क) केन्द्रीय समितिले १४ जना कृषकलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको लागि मन्त्रालयलाई सिफारिस गर्नेछ ।

ख) मन्त्रालयले राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरूको अनुमोदन गरी सम्बन्धीत कृषकहरूलाई जानकारी गराई पुरस्कार वितरण एवं सम्मान समारोहमा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रमको न्यूनतम मापदण्ड

१२. प्राविधिक पक्षः

क) एक पटक राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेको कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषि फर्म,कृषि व्यवसाय गर्ने कम्पनीलाई पुनःसोही पुरस्कार कार्यक्रममा समावेश गरिने छैन। यद्यपि पहिले पुरस्कृत भएको व्यवसायलाई निरन्तरता दिनेको हकमा फरक विधामा पुरस्कृत गर्ने प्रयोजनार्थ यस कार्यक्रममा समावेश गर्न बाधा पर्ने छैन ।

१३. आर्थिक पक्षः

क) राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि आवश्यक रकम मन्त्रालयले बार्षिक बजेट तथा कार्यक्रमको माध्यमबाट व्यवस्था गर्नेछ ।

ख) मन्त्रालयले बार्षिक विनियोजित बजेटबाट उत्कृष्ट कृषकलाई जनही रू २,००,०००/- (अक्षरेपी दुई लाख रूपैया मात्र) नगद पुरस्कार र प्रमाणपत्र सहित सम्मान गर्नेछ।

ग) यस कार्यविधि बमोजिम छनौट भएका उत्कृष्ट कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीलाई नगद पुरस्कार निजको बैङ्क खातामा भुक्तानी हुने प्रबन्ध मिलाइनेछ ।

ग) छनौट भएका उत्कृष्ट कृषकलाई मन्त्रालयले चालु आर्थिक वर्षको विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम नगद पुरस्कार र प्रमाण-पत्रसहित सम्मान गर्नेछ।

## परिच्छेद-४

## कार्यक्रम व्यवस्थापन, अनुगमन, निरिक्षणको व्यवस्था

१४. कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्थाः कार्यक्रमको अनुगमन तथा निरिक्षण मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रादेशिक मन्त्रालय र मातहतका निकायहरू तथा स्थानीय तह एवं यस कार्यविधिमा व्यवस्था भएका समितिहरूबाट संयुक्त रुपमा वा छुट्टाछुट्टै हुनेछ ।

१५. कारवाही हुनेः यस कार्यविधि बमोजिम राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्ने कृषकले झुटो विवरण पेश गरेको पाइएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१६. तालिम/गोष्ठीमा अवसरः राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्ने कृषकको प्राविधिक ज्ञान तथा सीप बृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम तथा गोष्ठीमा सहभागिताको लागि मन्त्रालयले समन्वय तथा सहजिकरण गर्नेछ।

१७. गुनासो व्यवस्थापनः (क) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा केन्द्रीय समिति समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा उक्त समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(ख) यस कार्यविधि अन्तर्गतका कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा केन्द्रीय समितिले स्पष्ट पार्न सक्नेछ ।

१८. अनुसूचीमा हेरफेर गर्न सक्नेः यस कार्यविधिमा संलग्न अनुसूचीहरूमा आवश्यकता अनुसार मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची-१

### राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा पुरस्कृत गरिने विधाहरू

| | | | |
|---|---|---|---|
| १. | खाद्यान्न बाली (धान, गहुँ, मकै तथा रैथाने बाली) | ८. | बिउ उत्पादन (खाद्यान्न र तरकारी) |
| २. | तरकारी तथा मसला बाली (रैथाने समेत) | ९. | माछापालन |
| ३. | आलु | १०. | भेडाबाख्रा/बंगुर |
| ४. | औद्योगीक (मह, च्याउ, उखु) | ११. | गाई/भैंसी |
| ५. | निर्यातजन्य बाली (चिया, कफी, अलैंची, अदुवा, दुग्धजन्य, मासुजन्य) | १२. | पन्छीपालन |
| ६. | फलफुल | १३. | खाद्य प्रशोधन (प्राथमिक प्रशोधन) |
| ७. | आलङ्कारिक बिरूवा (पुष्प समेत) | १४ | याक/चौरी |

नोटः रैथाने बालीलाई प्राथमिकता दिईनेछ।

## अनुसूची-२

### राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड

(तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छी पालन भएको)

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न बाली (धान, गहुँ, मकै तथा रैथाने बाली) | तराईमा १५ कठ्ठा र पहाडमा १० रोपनी | |
| २. | तरकारी तथा मसला बाली (रैथाने समेत) | तराईमा ५ कठ्ठा, पहाडमा २ रोपनी, प्लाष्टिक हाउस (१००० बर्ग फिट) | |
| ३. | आलु | तराईमा १ बिगाह, पहाडमा १० रोपनी | |
| ४. | औद्योगीक (मह,च्याउ, उखु) | मह ५० घार/गोला, च्याउ १० वटा टनेल /५०० बर्ग फिट, उखु १० कठ्ठा) | |
| ५. | निर्यातजन्य बाली (चिया, कफी, अलैंची, अदुवा ,दुग्धजन्य, मासुजन्य) | १५ रोपनी, दुग्धजन्य २ टन तथा मासुजन्य ५ टन | |
| ६. | फलफुल | आँप, लिचि, रूखकटहर, अनार, किवी, कागती ५० बोट<br>अम्बा, सुन्तला, जुनार, नास्पाती, आरुबखडा ७५ बोट | |

| | | | |
|---|---|---|---|
| | | ओखर १०० बोट<br>स्याउ २०० बोट<br>उच्च घनत्वको स्याउ १००० बोट,<br>स्ट्रबेरी २ रोपनी, केरा ७ कठ्ठा | |
| ७. | आलङ्कारिक विरूवा (पुष्प समेत) | तराईमा ५ कठ्ठा, पहाडमा २ रोपनी | |
| ८. | विउ उत्पादन (खाद्यान्न र तरकारी) | तराई १० कठ्ठा, पहाडमा ५ रोपनी र<br>तराई ५ कठ्ठा, पहाडमा २ रोपनी | |
| ९. | माछापालन | तराईमा कम्तीमा ५ कठ्ठा र पहाडमा ३ रोपनी | |
| १०. | भेडाबाखा/बंगुर | भेडा : तराई ५० माउ, पहाड १०० माउ<br>बाखा: ५० माउ<br>च्याङ्ग्रा: ३० माउ<br>बंगुर सुगुर: २० माउ | |
| ११. | गाई/भैंसी | गाई २० माउ, भैंसी १५ माउ | |
| १२. | पन्छीपालन | स्थानीय कुखुरा १००० वटा, हाँस १००० वटा | |
| १३. | खाद्य प्रशोधन (प्राथमिक प्रशोधन) | अन्नवाली २ मे.ट./दिन र अन्य १ मे.ट./दिन | |
| १४ | याक/चौंरी | याक/चौंरी १० माउ | |

नोट : उपर्युक्त बाहेकका कुनै पनि जिल्लाहरूमा कुनै कृषकले कुनै थप नयाँ उत्कृष्ट कृषि व्यवसाय गरेको रहेछ भने त्यस्ता बालीवस्तुको न्यूनतम मापदण्डका आधारहरू तय गर्नु पर्ने अवस्था आएमा प्रादेशिक समितिको बैठकबाट निर्धारण गर्न सकिनेछ र सो को पुष्टयांई संलग्न राखी पठाउनु पर्नेछ।

अनुसूची-३

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्री......................,

..........................................

विषयः राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी गराई पाऊँ ।

मिति............................ को सार्वजनिक सूचना अनुसारको राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो बिवरण सहितको निवेदन फाराम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न बिवरण ठीक छ, झुठ्ठा ठहरिए कानुन बमोजिम सहुँला-बुझाउँला ।

निवेदक

नामः

दस्तखतः

ठेगानाः

मोबाईल नं.

<u>संलग्न गर्नुपर्ने कागजातहरुः-</u>

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

२. किसान परिचय पत्र भएमा सोको प्रतिलिपि

३. जग्गाको लालपूर्जा वा करार सम्झौताको प्रतिलिपि

४. फर्म/कम्पनी व्यवसायको हकमा दर्ता/नविकरण/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. स्थायी लेखा (पान) नं. प्रमाण-पत्र प्रतिलिपि

६. सम्बन्धित स्थानीय तहको सिफारिस

७. सूचनामा माग भए बमोजिमका अन्य कागजातहरू

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गर्नुपर्ने विवरण

१. श्रोत साधनको विवरण:

| क.सं. | विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसँग भएको श्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (भडामा लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ) | माछापालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| ङ) | सिंचित जग्गाको क्षेत्रफल | | |
| २. | सिंचाईको श्रोत | | |
| | | | |
| | | | |

२. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण:

| क.सं. | विवरण | एकाई | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|
| क) | खाद्यान्नबाली | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ख | दलहनबाली | | | |
| ग) | तेलबाली | | | |
| | | | | |
| | | | | |
| घ) | तरकारी बाली | | | |
| | | | | |
| | | | | |
| ङ) | आलु | | | |
| च) | मसलाबाली | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| छ) | अलैंची | | | |
| ज) | चिया, कफी | | | |
| झ) | फलफूल बाली | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ञ) | घाँस खेती | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ट) | मौरी पालन | | | |
| ठ) | अन्य (स्थान विशेष रैथाने बाली) | | | |
| ड) | बीउ उत्पादन (कुनै बाली वा पशु विशेषको भएमा) | | | |
| ढ) | नर्सरी | | | |
| ण) | श्रोत केन्द्र (कुनै बाली वा पशु विशेषको श्रोत केन्द्र भएमा) | | | |

३. पशुपन्छीपालन तथा उत्पादन विवरणः

| क.सं. | विवरण | एकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १. | पशु पन्छी | | |
| २. | ठूला पशु संख्या (गाई, गोरु, भैंसी, राँगो, याक आदि) | | |
| ३. | साना पशु संख्या (बाख्रा, भेडा, बंगुर, च्याङ्ग्रा) | | |
| ४. | प्रजनन्को लागि पालिएको पशुको विवरण | | |
| ५. | स्थानिय कुखुरा वा अन्य पन्छीपालन | | |
| ६. | दूध उत्पादन | | |
| ७. | मासु उत्पादन | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

| | | | |
|---|---|---|---|
| ८. | अण्डा उत्पादन | | |
| ९. | माछा उत्पादन | | |
| १०. | ऊन उत्पादन | | |
| ११. | पश्मिना उत्पादन | | |

४. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरणः

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि कार्यालयसँग सम्पर्क/समन्वय स्थिती | | | | |
| २. | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३. | वाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ४. | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५. | प्राविधिकसँगको सम्पर्क स्थिती | | | | |

५. कृषि पेशामा संलग्न कामदारहरूको विवरणः

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेती कार्यमा | | | |
| २. | पशुपालन कार्यमा | | | |
| ३. | पन्छीपालन कार्यमा | | | |
| ४. | प्रशोधन तथा बजारीकारण कार्यमा | | | |

६. कृषि व्यवसायमा लगानी स्थितीः

| क्र.सं. | सेवा तथा संस्थागत विवरण | बार्षिक खर्च रु. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पन्छीपालन खर्च | | |
| ४. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५. | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

७. कृषि व्यवसायमा भएको लगानीको श्रोतः

| क्र.सं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंकबाट लिएको ऋण | | |
| २. | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण | | |
| ३. | समूह/सहकारीबाट लिएको ऋण | | |
| ४. | साहुबाट लिएको ऋण | | |
| ५. | छिमेकीबाट लिएको ऋण | | |
| ६. | आफनै आम्दानीबाट व्यन्होरिने | | |
| | जम्मा | | |

८. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थितीः

| क्र.सं. | सेवा तथा संस्थागत विवरण | बार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशुपालनबाट | | |
| ३. | पन्छीपालनबाट | | |
| ४. | माछापालनबाट | | |
| ५. | कृषि उपजको बिक्रीबाट | | |
| ६. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा अम्दानी | | |

९. प्राविधिक दक्षताः

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १. | प्रविधि उपयोग तथा अनुशरण (भएको/नभएको) | |
| २. | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३. | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४. | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५. | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७. | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको) | |

| | | |
|---|---|---|
| ८. | समूह, समिति, सहकारीको सदस्य (भएको/नभएको) | |
| ९. | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान-प्रदान (गरेको/नगरेको) | |

१०. नयाँ कृषि प्रविधिको विकासः

११. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरूको विवरणः

१२. कृषि व्यवसाय एवं प्रविधिहरूको विस्तृतीकरण (कुनै भएमा)

१३. कृषि व्यवसाय प्रबर्द्धनका भावी योजना (कुनै भएमा)

१४. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरी)

अनुसूची-५

राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारको लागि मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिती एवं सदुपयोग | ५ | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदन प्रदान एवं योगदान | ५ | |
| ३. | उत्पादन स्थिती/उत्पादकत्व | १० | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारी सिर्जनाको स्थिति | १० | |
| ६. | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |
| ७. | कृषि व्यवासायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | ५ | |
| ८. | विकास कार्यालय र प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोग स्थिति | ५ | |
| १०. | कृषि व्यवसायको दिगोपना स्थिति | ५ | |
| ११. | सृजनात्मक कार्य गरेको | ५ | |
| १२. | स्थलगत अनुगमन (Field verification) | ३० | |
| | जम्मा | १०० | |

नोटः समितिले मूल्याङ्कन गर्दा उल्लेखित मापदण्डको आधारमा उप-आधारहरू (विस्तृतीकरण) तयार गरी मूल्याङ्कन गर्न सक्नेछ ।